भोल्म ११, नं. २
(अप्रिल १९८४)

# सल्यानी राजा रणभीम शाहको पदच्युति

त्रिरत्न मानन्धर
इतिहास शिक्षण समिति

मध्यकालमा सल्यान बाईसी राज्यहरूमध्ये एक थियो । पृथ्वीनारायण शाहले नेपाल उपत्यका विजय गर्नु भन्दा अगाडि नै सल्यान र गोर्खा बीच राम्रो सम्बन्ध रहेको देखिन्छ । वि.सं. १८२३ मा नै पृथ्वीनाराण शाहले आफ्नी छोरी विलासकुमारीको विवाह सल्यान-का राजा श्रीकृष्ण शाहका छोरा रणभीम शाहसंग गरिदिएका थिए[१] र त्यसको दुइ वर्ष पछि श्रीकृष्ण शाहले पृथ्वीनारायण शाहका दूत भगवन्तनाथलाई एकले अर्काको कुमलो नचिताउने कुरा उल्लेख गरी एउटा धर्मपत्र गरिदिएका थिए[२]। पछि बहादुर शाहको नायवी कालमा गएर सल्यानले नेपाल प्रति आश्रित एउटा "सर्वाङ्ग माफी" राज्यको रूप लियो[३] र त्यहांको राजा-लाई केही प्रशासनिक र न्यायिक अधिकार प्रदान गरिएको थियो । त्यति वेला सल्यानका राजा श्रीकृष्ण शाह नै थिए ।

वि.सं. १८५० मा श्रीकृष्ण शाहले आफ्ना छोरा रणभीम शाह (विलासकुमारीका लोग्ने) लाई सल्यानका राजगदीमा राखी आफू काशीवास गए[४]। आफ्ना निकटतम सम्बन्धी भएको नाताले नेपालका राजाको सल्यानको राजपरिवारसंग राम्रो सम्बन्ध थियो । रणवहादुर शाह र गीर्वाणयुद्धविक्रम शाहले लेखेका पत्रहरूमा रणभीम शाहका लागि अनेक मानार्थ शव्दहरू प्रयोग गरिएको हुन्थ्यो । सुरूका पत्रहरूमा उनलाई "श्री मन्महाराज श्री श्री श्री रणभीम शाह" भनी सम्बोधन गरेको पाइन्छ भने केही वर्ष पछिका चिठीहरूमा उनको नाम अगाडि "श्री मन्म-हाराजाधिराज" भनी लेखिएको पाइन्छ । फेरि केही पत्रहरूमा चाहिं "श्री श्री श्री महाराज रणभीम शाह" र पछिका पत्रहरूमा "श्री मन्महाराजाधिराज श्री श्री श्री मद्रणभीम शाह" भनी उनलाई सम्बोधन गरिएको पाइन्छ[५]।

सुरुमा सल्यान राज्यको सांध पूर्व फलावाङ० पश्चिम भेरवी उत्तर चिपल्या भिङ०सानी-को लेक पानी ढलो र दक्षिण मोगलाना (भारत) थियो । तर पछि पूर्व माडी पश्चिम सल्यान दक्षिण वलरामपुर र उत्तर सल्यान यति चारकिल्ला भित्रको जग्गा पनि सल्यानमा थपियो[६]। यो व्यवस्था विलासकुमारीको अनुरोधमा गरिएको थियो ।

वि.सं. १८६६ को शुरुमा नेपाल र सल्यानको सम्बन्ध एकाएक नराम्रोसंग विग्रियो र राजा रणभीम शाह पदच्युत गरिए । यस घटनावारे धेरैजसो इतिहासकारहरू मौन छन् र उनीहरूले आ-आफ्ना पुस्तकहरूमा यसवारे केही उल्लेख गरेका छैनन् । केवल फ्रान्सिस् ह्यामिल्टन र वावुराम आचार्यले यसवारे केही उल्लेख गरेका छन् । ह्यामिल्टनको भनाइ अनुसार

रणवहादुर शाहको हत्या पछि भीमसेन थापाले विलासकुमारी प्रति आदरको भाव देखाएनन्। पाल्पाको साथसाथै उनले सल्यान पनि कब्जा गरे र विलासकुमारी र उनका कान्छा छोरालाई काठमाडौं ल्याई ज्यादै थोरै वृत्ति दिई राखे। विलासकुमारीका जेठा छोरा चाहिं नवाव वजीरकहां शरण लिन पुगे[७]।

यही घटनालाई वावुराम आचार्यले यस प्रकार वर्णन गरेका छन्:-

"स्वामीज्यूको (रणवहादुर शाहको) हत्या भएको समाचार सुन्नासाथ श्री ५ पृथ्वीनारायण शाहकी छोरी सल्यानी रानी विलासकुमारी दौडदै काठमाडौं आइपुगिन्। यस हत्याकाण्डमा भीमसेन थापाको हात छ भन्ने गामगुम चलेको कुरा यिनको मुखवाट फुत्कियो र भीमसेन थापाले सिपाही लगाएर यिनलाई काठमाडौंवाट धपाई सालको १४ सय रूपैया भत्ता दिई यिनलाई सल्यानको फलावाड० भन्ने ठाउंमा राखे र सल्यान राज्य नेपाल अधिराज्यमा मिलाई दिए यतिमात्र होइन कि श्री ५ पृथ्वीनारायण शाहले यिनलाई दाइजो गरी दिएको तासको विर्ता पनि जफत गरियो"[८]।

हाल परराष्ट्र मंत्रालय काठमाडौंमा केही पत्रहरू प्राप्त भएका छन्, जसले घटनालाई केही विस्तृत रूपमा उल्लेख गरेका छन् र ह्यामिल्टन र आचार्यका भनाईलाई केही हदसम्म खण्डन पनि गरेका छन्। प्रस्तुत लेखमा यिनै अप्रकाशित पत्रहरूका आधारमा सल्यानी राजा रणभीम शाहको पदच्युति वारे विवेचना गरिएको छ।

सल्यानी राजाको पदच्युति अकस्मात् रूपमा भएको देखिन्छ। वि.सं. १८६५ को अन्तसम्म यसवारे कुनै पनि तात्कालिक श्रोतले संकेत गरेको छैन। वि.सं. १८६६ को शुरूमा नै स्थितिले नयां मोड लियो। सुवेदार अंगद कार्कीले सल्यानका सर्दार गोपाल साही पदनाहाका भवान साही (सिंह) संग मिलेको कुराको सूचना नेपाल सरकारलाई गरे। यो सूचना पाउने वितिकै नेपाल सरकारले अंगद कार्कीलाई नै यसवारे फेरि एकपल्ट राम्रोसंग वुझ्न अऱ्हायो। पत्रकै शव्दहरूमा "ति सर्दार समेत तीस चालीस सिपाहि भवान साहिसित सामिल भयाको साचै हो भन्या त्यो काम निको होइन अझ निश्चय वुझी जस्ताको तस्तो निस्तुक लेख सामेल भयाको कुरा साचो ठहरैन झुठा ठहऱ्यो भन्या तेस्ता झुठा कुरा लेष्न्या मानिसका ज्यू जाहानमा पर्छ सो वुझी निश्चय ठहराइ लेष"[९]। यही व्यहोराको पत्र पाल्पाका हाकिम काजी अमरसिं थापालाई पनि त्यही दिन पठाइयो। त्यस पत्रमा पाल्पाको हाकिमलाई एउटा जिम्मेवारी पनि दिइएको थियो। पत्रकै शव्दहरूमा ". . . भवान साहिसित सामेल हुन गयाको निश्चय रहेछ भन्या सल्लाह ठहराई ताहावाट कम्पनी समेत पठाउनु पर्न्याछ तसअर्थ वुझन्या कुरा ताहावाट पनि फयेल नारी वुझनु मुषपेटले तेस्तै रहेछ भन्या त्यो निधो आया पछि नउमकन पाउन्या वाजी गर्नु पर्ला षवर्दारी गरी राष"[१०]। यसको साथै सल्यानको स्थिति वुझ्न नेपाल सरकारले तुरन्तै सुवेदार शिवा राना र अमरसिं रानालाई त्यस तर्फ रवाना गरे। तर यी दुवै सुवेदारहरू सल्यान नपुग्दै सल्यानी राजाले नेपाल सरकारलाई लेखेको

पत्रमा सर्दार गोपाल साही कांगडा वाट फर्की प्रदनाका गढी (भवान साहीको गढी) मा पसेको कुरा स्वीकार गरिएको थियो[११]। यो पत्र पाउने वितिकै नेपाल सरकारले सल्यानी राजालाई हटाउने कुराको तुरन्तै निर्णय गरिहाल्यो । वि.सं. १८६६ वैशाख शुदि ७ रोज ७ मा पाल्पा स्थित सर्दार जगदेउ भंडारी र पाल्पाका हाकिम अमरसिं थापाका नाममा दुइ वटा आदेश पत्रहरू तुरन्तै पठाइए । यी दुवै पत्रहरूमा सल्यानी राजालाई खारेज गर्नु पर्ने कारण विस्तृत रूपमा लेखिएको थियो । यस अनुसार अघि रणवहादुर शाहका पालामा पनि सल्यानी राजाले ठूलो काममा धोका दिएका थिए र पछि दुइ तीन पल्टवोलाउदा पनि काठमाडौं आए-नन् । यो मन्दा वढी सवै मन्दा ठूलो आरोप उनी माथि भवान साही (सिंह) संग मिलेको भनी लगाएको थियो । पत्रले संकेत गरे अनुसार उक्त भवान साही नेपाल सरकारको प्रमुख वि-रोधी मध्ये एक थियो र नेपाल सरकारले उनलाई खारेज गर्न आदेश दिएको थियो । तर भवान साहीलाई पक्डून भने सकिएको थिएन । उनलाई पक्डून नेपाल सरकारले सल्यानी राजालाई अनुरोध गरी मानिस समेत पठाएकोमा सल्यानी राजाले आदेश नमानी आलटाल गर्दै रहे । त्यसपछि सल्यानका सर्दार गोपाल साही भवान साहीसंग मिलेको ठहराई यसको दोष पनि सल्यानी राजालाई दिइयो र उनलाई आफ्नो पदवाट खारेज गर्ने निर्णय गरियो । पत्रके शव्दहरूमा " . . . (हामीवाट) वकस्याको षान्या र अह्रायाको काम गर्न्या तिनको उचीत हो सो त काहां गयो हामीले षारिज गर्न पठायाको पदनाहाको भवान सिंग्या पाजि सित उस्का गदिमा सामील हुन सर्दार जस्तोले जानु हाम्रा निमकको सोफ्नो काम होइन तेस्ता पाजी सित सामील भै गदिमा पस्न आंटन्याले कोहि ठुला आदमी सित उस्तो काम पर्न गया धर्म राषन्या र निमक सम्झ्या रहेनछन् दगा दिन्यै रहयाछन् तेस्तालाई राष्णी हाम्रो सव्य छैन . . . "[१२]।

माथि उल्लेखित कारण देखाई सल्यानी राजालाई उनको पदवाट हटाई सल्यान राज्य-को वन्दोवस्त गर्न सुवा रूद्रवीर शाहीलाई पठाउने कुराको सूचना पनि दिइयो । तर रूद्रवीर शाही नपुगुन्जेल सल्यानको वन्दोवस्त मिलाउन सर्दार जगदेउ भंडारीलाई अह्राइयो । उनलाई दलसुर कंपनी सहित चार कंपनी लिई तुरन्तै सल्यान गई सल्यानी राजा सहित उनका भाइ छोरा भैवाद मारादारहरूलाई पक्री दरवार (सम्भवत काठमाडौं) पठाइ दिने र उनीहरूको हात हतियारसमेत सवू माल जिम्मा लिई राख्ने कराको आदेश दिइयो[१३]। अमरसिं थापा लाई पठाइएको पत्रमा पनि यस्तै वेहोरा परेको छ । पत्रके शव्दहरूमा " . . . तेस जग्गा (सल्यान) को वन्दोवस्त गर्नाकिन सुवा रूद्रवीर साहिलाई आहां वाट चाडै पठाउछौं यो षवर उन्हेरूले पाया पछि जतत्र भागनन् तस कारन त्यो कुरा साचै रहेछ भन्या कोहि नउमकन पाउन्या गरी तांहा वाट चार कंपनी पठाउनु पर्ला भनि अघी पनि लेष्याको हो अव र पुंढो पठाउनाको वहाना फिराइ यो मोहर पुग्नी वितिकू जगदेउ भंडारी र दलसुरको कंपनी समेत चार कंपनी षटाई दर्वारका वंदुक र दर्वार वाहेकसवू मारादारको आलमाल हात हतियार षसी षास

वुभि लेषा चढाई आफ्ना जिम्मा लि राषनु मानीसका अर्थ राजा उनका भाइ छोरा भै-वाद भारादार सबै लाई येक पनि नउमकन्या गरी पक्री दर्वार पठाउनु विश्वास उनको केहि छैन पकृदामा हात छोड्या भन्या सोहीरा लाई साफ गर्नाको हुकुम वकस्यौं सो माफिक षजना पोषत गरी लैजानु पर्ला गढी किल्लामा पनि सर्वत्र हाम्रा मानीस राषनु भन्या विस्तार वेस गरी अढ़ाइ रात विरात गरी चाँडो जाउ भनि मोहर पुग्येको घरी विदा गरी हिडाइ देउ येस काम लाई विदा भया भनि कसै लाई थाहा नहुने चाजो गर्नु. . .[१४]।

सोही मितिमा (वि.सं. १८६६ वैशाक सुदी ७ रोज ७) मधेस पाहाडका रैयत सिपाही का नाम पनि एउटा लाल मोहर जारी गरिएको थियो, जसमा ". . . आज सम्म रणभीम साह लाई षामिद मानी रह्या थ्यौ उनका हुकुम तावेमा चल्थ्यौ वढीया गर्थ्यौ फलाना मिति उप्रान्त उनका हुकुम तावेमा चल्या हाम्रा छिचरो पातलो सुन्याको कहनामा नपस्या हाम्रो सोभ्फो भाउरो गर्नामा नपस्या नचिताया जौ जाहान सर्वस्व होला रणभीम साहि राजालाई आज उप्रान्त नमान्नु..." भनि लेखिएको थियो[१५]। साथै सल्यानी राजालाई "नजरवंदी आठौं प्रहर संगीन चढाइ वंदुक भरी १ पट्टीले बाटमा सव वातको संभार सित ल्याउनु अरू मर्भारादार मैवादहरू लाई वेडी हाली वोकाइ कुलाकमा ल्याउनु राजालाई हाम्रा पीपा लायेर वोकाइ ल्याउनु" भनी आदेश दिइएको थियो[१६]। जहां सम्म राजाका अरू नातेदारहरू (भांजा भांजी आदि) छन् उनीहरू लाई "दर्वार छोडाइ वढिया घरमा राषनु धनमाल छदै छ षाउन तिन्हेरू लाई ल्याउनु पनि छैन अंत जान दिनु पनी छैन आहा आउन षोज्या हाम्रा विना मर्जि आउन दिनु पनी छैनै" भनी आदेश दिइएको थियो[१७]।

सल्यानका राजा वा उनका समर्थकहरूद्वारा नेपाल सरकार विरूद्ध हुन सक्ने खतरा प्रति पनि नेपाल सजग थियो । ठाउं ठाउंका हाकिम कारिंदालाई पठाइएका पत्रहरूमा डेढ महीना सम्म काठमाडौंबाट सल्यान र सल्यानबाट काठमाडौं जाने चिठीहरू तथा मानिसहरू माथि पुरा निगरानी राख्न आदेश दिइएको थियो । कुनै संदिग्ध मानिस फेला परे तुरन्त पकडी पाल्पा लैजानू भन्ने पनि हुकुम दिइएको थियो[१८]।

यस प्रकारले सबै वन्दोवस्त मिलाई सकेपछि वि.सं. १८६६ वैशास शुदि १० रोज ३ का दिन विधिवत् रूपमा सल्यानी राजा रणभीम शाहलाई पदवाट हटाइएको कुराको घोषणा गरियो । दांग सल्यान भर पहाड मधेशका छोटा वडा चार वर्ण छत्तीस जातका नाममा जारी गरिएको लालमोहरमा "वाजे वाजे काम कुरामा हाम्रो कुभाउदो गर्दा रणभीम साहलाई षा-रेज गरी तेस मुलुकको वंदोवस्त गर्न रूद्रवीर साहीलाई पठाउछौं हाल जगदेउ भंडारी सर्दारलाई पठायाको छ विस्तार वुभ्फौला राज्य देषी षारेज नहुंजी सम्म उनका हाल हकुममा रहि उनैको सोभ्फो चिताई तावेदारी गर्थ्यौ सोही उचित थियो उनलाई राज्य देषी षारेज गर्‍याका दिन देषी हामीलाई षाविम मानि मन वचन कर्मले हाम्रा निमको सोभ्फो चिताई हाम्रा हाल हुकुममा रहनु उनलाई नमान्नु" भनी लेखिएको थियो[१९]।

सोही मितिमा काजी अमरसिं थापा र जगदेउ भंडारीका नाममा पठाइएका पत्रहरूमा सल्यान पठाइएका कम्पनीको सानगीको व्यवस्था गर्नाको साथै मसलन्द सर्चको लागि दुइ हजार रूपैया पनि निकासा गरिएको थियो[२०]।

माथि उल्लेखित वर्णनवाट यो सिद्ध हुन्छ कि सल्यानी राजा विरुद्ध नेपाल सरकारले ज्यादै नै कठोर नीति अपनाएको थियो । पहिलो करा त सल्यानकी रानी विलासकुमारी श्री ५ गीर्वाण युद्ध विक्रमका साखै फुफुवज्यै थिइन् र उनी त्यति वेला जीवित नै थिइन् । यस्तो अवस्थामा सल्यानी राजालाई पदच्युत गर्नु नेपाल सरकारको लागि साधारण कुरा थिएन । दोस्रो सल्यानी राजाका साथै उनका भाइ छोरा भैवाद भारादार समेतलाई पनि पक्डी काठमाडौं ल्याउन आदेश दिइएको थियो । ह्यामिल्टनको भनाइलाई साँचो मान्ने हो भने रणभीम शाहका जेठा छोराले अवधका नवावको शरणमा गई आफ्नो रक्षा गरे[२१]। यस भन्दा पनि महत्वपूर्ण कुरा यो छ कि केवल सल्यानी राजालाई मात्रै उनको पदवाट हटाई सल्यान राज्य उनका भाइ वा छोरालाई दिइएको थिएन । त्यसको विपरित उनीहरू सवैलाई पक्डी काठमाडौं ल्याई केन्द्रवाट नै सोझै शासन गर्ने गरी सल्यानको हाकिमको रूपमा सुवा रूद्रवीर शाहीलाई नियुक्त गरी सल्यान राज्यको अस्तित्वलाई नै समाप्त पारेको थियो । वावुराम आचार्यको भनाइ अनुसार त विलासकुमारीलाई पहिले दाइजोको रूपमा दिइएको विर्ता पनि जफत गरिएको थियो[२२]। यो कुरालाई तात्कालिक पत्रले पनि प्रमाणित गरेको छ । तीन वर्ष पछि (वि.सं. १८६६) विलासकुमारीका नाममा भएको संक्षिप्त लालमोहरमा उनको संपत्ति माथि नेपाल सरकारले लाएको रोक हटाएको कुरा उल्लेख भएको छ[२३]।

अव प्रश्न उठदछ कि आखिर नेपाल सरकारले सल्यानी राजा प्रति यत्रो कडा नीति किन अपनायो ? के साँच्चै रणभीम शाह र उनका परिवार नेपाल विरोधी कार्यमा सक्रिय रूपमा संलग्न थिए वा तात्कालिक नेपालको शक्तिशाली शासक भीमसेन थापाले आफ्नो स्वार्थ पूर्तिको लागि सल्यान राज्यको अस्तित्व समाप्त पारे ?

यहाँ निर विचारणीय कुरा यो छ कि रणभीम शाह माथि एउटै आरोप लाइएको थियो । त्यो थियो नेपाल विरोधी तत्व भवान साही (सिंह) संग उनको मित्रता । यी भवान साही को थिए, यिनी कस्तो प्रकारको नेपाल विरोधी कार्यमा संलग्न थिए र उनलाई नेपाल सरकारले किन "खारेज" गर्न खोजेका थिए ? यी प्रश्नहरूको समाधान तात्कालिक दस्तावेजहरूले गरेको पाइदैन । त्यसमाथि भवान साहीसंग मिलेको आरोप प्रत्यक्ष रूपमा गोपाल शाही माथि लाइएको थियो; रणभीम शाह माथि थिएन । यस्तो साधारण कुराको आडमा सल्यानी राजालाई पदच्युत गरी राज्यको अस्तित्व नै समाप्त पार्नु एउटा ज्यादै कठोर कार्य थियो ।

वास्तविक कुरा के देखिन आउँछ भने रणवहादुर शाहको हत्यामा भीमसेन थापाको प्रत्यक्ष रूपमा हात नभए तापनि यस हत्याकाण्डमा उनी अप्रत्यक्ष रूपवाट संलग्न थिए भन्ने कुरा तात्कालिक स्रोतहरूले संकेत गरेका छन्[२४]। यस स्थितिमा आफ्नो भाँजा (रणवहादुर शाह) को हत्या प्रति विलासकुमारी चिन्तित हुनु स्वाभाविकनै थियो र संभवत: उनले यस हत्याकाण्डको लागि भीमसेन थापाको आलोचना गरे । अव भीमसेन थापाले सल्यान तर्फवाट

खतरा महसूस गर्न थाले र उनी त्यसलाई समाप्त पार्ने दाउमा लागे भवान साही सम्बन्धी घटनालाई निहुं वनाई उनले सल्यानी राजालाई पदच्युत गरी त्यस राज्यको अस्तित्व नै समाप्त पारे ।

यस प्रकार सल्यानी राजाको पदच्युति वारे फ्रान्सिस् ह्यामिल्टन र वावुराम आचार्य-का भनाइ साधारण तया सत्यको नजीक पुगेको छ । तर माथि उल्लेखित वर्णनले यी दुइ लेखकहरूको भनाइलाई केही हदसम्म खण्डन पनि गरेको छ । पहिलो कुरा त रणवहादुर शाह-को हत्याको तुरन्त पछि नेपालले सल्यान कब्जा गरेको कुरामा दुवै लेखकहरू एकमत छन् । तर मौलिक स्रोतले प्रमाणित गरे अनुसार यो घटना रणवहादुर शाहको हत्याको पूरा तीन वर्ष पछि मात्रै घटेको थियो । दोस्रो विलासकुमारी प्रति नेपाल सरकारको व्यवहारवारे यी दुइ लेखकहरूले भिन्ना भिन्नै मत व्यक्त गरेका छन् । ह्यामिल्टनका भनाइ अनुसार विलासकुमारी र उनका साना छोरालाई काठमाडौं ल्याई थोरै वृत्ति दिई राखियो तर आचार्यले भने सल्यानी रानीलाई सालको चौध सय रूपैया भत्ता दिई फलावाड० धपाएको कुरा उल्लेख गरेका छन् । तात्कालिक कागजपत्रहरूले यस वारे स्पष्ट रूपमा विवरण दिएको त छैन ता पनि उनी माथिको दुर्व्यवहार प्राय: निश्चित छ । तर यस कार्यको लागि भीमसेन थापाको आलोचना भयो र फलस्वरूप तीन वर्ष पछि (वि.सं. १८६६) नै विलासकुमारीको सम्पत्ति फिर्ता गर्न भीमसेन थापा वाध्य भए ।

सल्यानी राजाको पदच्युति पछि केही महीना सम्म त्यहाँको शासन व्यवस्था सर्दार जगदेउ भंडारीले सम्हाले र त्यस पछि सुवा रूद्रवीर शाही गई त्यहाँको प्रशासन आफ्नो हात मा लिए । रूद्रवीर शाहीले धेरै वर्षसम्म पाल्पाको हाकिमको अधीनमा रही सल्यानको प्रशा-सन चलाए र यिनले जारी गरेका केही प्रशासनिक आदेश तथा पत्रहरू पनि पाइएका छन्[२५]। अठार वर्ष पछि अर्थात् वि.सं. १८८४ मा मात्रै तेजवहादुर शाह देखा परेका छन् त्यो पनि राजाको रूपमा होइन[२६]। यसको पनि दस वर्ष पछि अर्थात् वि.सं. १८९४ मा मात्र (भीम-सेन थापाको पतन पछि) विधिवत् रूपमा उनले राजाको उपाधि पाएको देखिन्छ । सल्यानी राजाको दर्जा दिइए तापनि तेजवहादुरको राज्य फलावाड०मा नै सीमित रह्यो । सल्यान, दांग र देउखुरीमा उनको केही अधिकार रहेन[२७]।

एकजना लेखकले राजा तेजवहादुर शाहलाई रणभीम शाह र विलासकुमारीका छोरा हुन् भनी लेखेका छन्[२८]। तर कुनै पनि सामग्रीले यो कुराको पुष्टि गरेको छैन । यसको विप-रीत वंशावलीले रणभीम शाहका पांच वटा छोराहरूको नाम उल्लेख गरेको छ । ती हुन - रघुनाथ, रघुवर, घनश्याम, भारत, र गदाधर[२९]। यी मध्ये शुरूका दुइ जना (रघुनाथ र रघु-वर) राजकुमारका रूपमा तात्कालिक कागजपत्रहरूमा समेत उल्लेख भएको पाइन्छ[३०]। यसकारण तेजवहादुर शाह रणभीम शाहका छोरा त पक्कै होइनन् । संभवत उनी रणभीम शाहका भतिजा वा नजीकका नातेदार हुन् । नत्र उनलाई फेरि सल्यानको राजा वनाउने कुरा मिल्ने थिएन ।

## पाद-टिप्पणी

१. योगी नरहरिनाथ, इतिहास प्रकाशमा सन्धिपत्र संग्रह, काठमाडौं: दांग आध्यात्मिक सम्मेलन, वि.सं. २०२२, पृष्ठ ४०८-१० ।

२. ऐ. पृष्ठ ४५८ ।

३. श्री ५ को सरकार, संचार मंत्रालय, मेचीदेखि महाकाली, भाग ४, काठमाडौं, वि.सं. २०३१, पृष्ठ १६२ ।

४. नरहरिनाथ, टिप्पणी नं. १, पृष्ठ ४०४ ।

५. ऐ. पृष्ठ ४०४-८ यहांनिर यो कुरा विचारणीय छ कि पछि पछि सल्यानी राजाहरू केवल "राजा" शब्दले मात्रै विभूषित भएका थिए ।

६. ऐ. पृष्ठ ४०८-१० ।

७. फ्रान्सिस् ह्यामिल्टन, एन एकाउण्ट अफ दी किंगदम अफ नेपाल, न्यू दिल्ली: मंजुश्री पब्लिसिङ० हाउस, सन् १९७१ (रिप्रिण्ट) पृष्ठ २७७ ।

८. वावुराम आचार्य, नेपालको संक्षिप्त वृतान्त, काठमाडौं: प्रमोद शम्शेर र नीरविक्रम प्यासी, वि.सं. २०२२, पृष्ठ १२६ ।

९. सुवेदार अंगद कार्कीलाई पत्र - वि.सं. १८६६ वैशाक वदी ५ रोज ४, परराष्ट्र मंत्रालय काठमाडौं, पोका नं. १५ ।

१०. काजी अमर सिं थापालाई पत्र - वि.सं. १८६६ वैशाक वदी ५ रोज ४, परराष्ट्र मंत्रालय, पोका नं. १५ ।

११. सर्दार जगदेउ मंडारीलाई पत्र - वि.सं. १८६६ वैशाक सुदी ७ रोज ७, परराष्ट्र मंत्रालय, पोका नं. १५ ।

१२. काजी अमरसिं थापालाई पत्र - वि.सं. १८६६ वैशाक सुदी ८ रोज १, परराष्ट्र मंत्रालय, पोका नं. १५ ।

१३. सर्दार जगदेउ मंडारीलाई पत्र - वि.सं. १८६६ वैशाक सुदी ७ रोज ७, परराष्ट्र मंत्रालय, पोका नं. १५ ।

१४. काजी अमरसिं थापालाई पत्र - वि.सं. १८६६ वैशाक सुदी ८ रोज १ - परराष्ट्र मंत्रालय, पोका नं. १५ ।

१५. वि.सं. १८६६ वैशाक सुदी ७ रोज ७ मा मधेस पहाड रैयत सिपाहीका नाममा जारी गरिएको लालमोहर - परराष्ट्र मंत्रालय, पोका नं. १५ ।

१६. ऐ.

१७. ऐ.

१८. वि.सं. १८६६ वैशाक सुदी ७ रोज ७ मा जारी गरिएको आदेश - परराष्ट्र मंत्रालय, पोका नं. १५ ।

६२ सि एन ए एस जर्नल, भोल्म ११, नं. २ (अप्रिल १९८४)

१९. वि.सं. १८६६ वैशाक सुदी १० रोज ३ मा जारी गरिएको लालमोहर, परराष्ट्र मंत्रालय, पोका नं. १५ ।

२०. अमरसिं थापा र जगदेव भंडारीलाई पत्रहरू - वि.सं. १८६६ वैशाक सुदी १० रोज ३ - परराष्ट्र मंत्रालय, पोका नं. १५ ।

२१. ह्यामिल्टन, टिप्पणी नं. ७, पृष्ठ २७७ ।

२२. आचार्य, टिप्पणी नं. ८, पृष्ठ १२६ ।

२३. नरहरिनाथ, टिप्पणी नं. १, पृष्ट ४११ ।

२४. ओज श्री "भीमसेन थापाको षड्यन्त्र", पारिजात, पूर्णांक ११, पृष्ठ १५-२४ ।

२५. नरहरिनाथ, टिप्पणी नं. १, पृष्ठ ४६१-४६३ ।

२६. ऐ. पृष्ट ४११; मेचीदेखि महाकाली (टिप्पणी नं. ३, पृष्ठ १६२) मा वि.सं. १८६६ मा फेरि सल्यान राज्यको अस्तित्व नेपाल सरकारले स्वीकार गरेको कुरा उल्लेख भएको छ । वास्तवमा यो भनाइ सत्यको नजिक आउँदैन । वि.सं. १८७५ सम्मत रूद्रवीर शाहीले सल्यानको हाकिमका रूपमा लेखेका पत्रहरू (नरहरिनाथ, पृष्ठ ४६३) पाइएका छन् जसमा सल्यानी राजाको कुनै उल्लेख छैन । फेरि वि.सं. १८७८ मा श्री ५ राजेन्द्रवाट भएको लालमोहर (नरहरिनाथ, पृष्ठ ४६१) मा "अघि सल्यानका राजा तषतमा छँदै" भन्ने शव्दहरू परेका छन् । यसवाट त्यतिवेला सम्म पनि सल्यान राज्यको अस्तित्व फेरि कायम नरहेको कुरा स्पष्ट छ ।

२७. महेशचन्द्र रेग्मी, रिडिङ्ग्स् इन नेपाली इकोनोमिक हिस्त्री, वाराणशीः किशोर विद्या निकेतन, सन् १९७९, पृष्ठ ६३ ।

२८. रामनिवास पाण्डे, "राइज एण्ड डेभेलपमेण्ट अफ दी वाइसी स्टेटस्", प्राचीन नेपाल, पूर्णांक १७, पृष्ठ ५५ ।

२९. नरहरिनाथ, टिप्पणी नं. १, पृष्ठ ६०९-११ ।

३०. ऐ. पृष्ठ ४०२, ४०५ ।

